गंगादेव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा, रोल्पा
२०७३
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२
सूचना नं : ८३

## तहवृद्धिका लागि आवेदन फारम पेस गर्ने सम्बन्धी सूचना

*(सूचना प्रकाशित मितिः २०८२/०३/१८)*

लुम्बिनी प्रदेश, स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ को उपदफा (९) बमोजिम तहवृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूलयाङ्कन औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले पाँचौं/छैठौं/सातौं/आठौं/दशौं तहमा तहवृद्धि हुन चाहेमा तहवृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामति सेवा नियमावली, २०८१ को नियम ४८ अनुसार सोहि नियमावलीको अनुसूची-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिलका कागजात सहित आवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

१. सक्कल निवेदन,
२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपी,
५. अद्यावधिक वैक्तिक विवरणको प्रतिलिपी,
६. पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फारम पेस गरेको निकायको विवरण,
७. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
८. हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
९. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, ।

...................
शालिकराम बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत